# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** ८/०८२/०८३

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**मितिः** २०८२/१०/२७

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री अनोज कुमार घिमिरे | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | उपस्थित |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | उपस्थित |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | उपस्थित |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | उपस्थित |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | श्री भुपेन्द्र नेउपाने | वडा अध्यक्ष, वडा नं १० | उपस्थित |
| १४ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १५ | श्री मुना खत्री | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १८ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | उपस्थित |
| २० | श्री नरेन्द्र बहादुर राई | कार्यपालिका सदस्य | उपस्थित |
| २१ | श्री सन्तोष मेचे | कार्यपालिका सदस्य | उपस्थित |
| २२ | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |

**प्रस्ताव नं १ बिरिङ प्याकेज १ को नदीजन्य पदार्थको उत्खनन सम्बन्धि प्राविधिक प्रतिवेदन सम्बन्धमा।`**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाबाट बिरिङ प्याकेज १ अन्तर्गत बिरिङ खोलाबाट नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रीका लागि ठेकेदार प्रगतिशिल निर्माण सेवा, बुद्धशान्ती-२ सँग सम्झौता गरी देहाय बमोजिम परिमाण उत्खनन संकलन तथा विक्रीका लागि कार्यदेश दिइएकोमा ठेक्का दिइएको क्षेत्रमा नदीजन्य पदार्थको उत्खनन सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/१०/२० गते प्राविधिक अनुगमन हुँदा देहाय बमोजिम उत्खनन भएको प्राविधिक प्रतिवेदन प्राप्त भएको ।

| सि.नं. | ब्लक | परिमाण (घ.मि.) | उत्खनन परिमाण(घ.मि.) | बढी उत्खनन (घ.मि.) |
|---|---|---|---|---|
| १ | मदन भण्डारी पुल १ कि.मि. दक्षिण झोलुङ्गे पुल ५०० मि उत्तर, बुद्धशान्ती-१, अर्जुनधारा-१ | २२५०० | ५३१४८.०७ | ३०६४८.०७ |
| २ | जयपुर सिस्ने पुल १ कि.मि. दक्षिण/बुद्धशान्ती सिमाना उत्तर बुद्धशान्ती-२, अर्जुनधारा-१ | १६६०० | ८१२७.४४ | परिमाण बाँकी |

उपर्युक्त बमोजिमको प्राविधिक प्रतिवेदन बमोजिम मदन भण्डारी पुल १ कि.मि. दक्षिण झोलुङ्गे पुल ५०० मि उत्तर, बुद्धशान्ती-१, अर्जुनधारा-१ ब्लकबाट तोकिए बमोजिमको परिमाण भन्दा बढी मात्रामा उत्खनन भईसकेको देखिएकाले नगर कार्यपालिकाको कार्यालयको मिति २०८२/१०/२५ गतेको पत्रबाट ठेकेदार पक्षलाई सो क्षेत्रबाट थप उत्खनन नगर्न नगराउन पत्राचार गरी बढी उत्खनन भएको सम्बन्धमा जरिवाना तथा अन्य शुल्क असुलीका विषयमा थप छलफल तथा निर्णयार्थ विषय पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भएको विषयमा छलफल हुँदा ठेकदार पक्षबाट ब्लक १ मदन भण्डारी पुल १ कि.मि. दक्षिण झोलुङ्गे पुल ५०० मि उत्तर, बुद्धशान्ती-१, अर्जुनधारा-१ मा २२५०० घ.मि. उत्खनन गर्नुपर्नेमा तोकिएको परिमाण भन्दा ३०६४८.०७ घ.मी. धेरै उत्खनन गरी जम्मा ५३१४८.०७ घ.मि. उत्खनन गरी वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ को उपदफा (१) बमोजिमको कसुर गरेको पाइएकाले देहाय बमोजिमको जरिवाना तथा विक्री शुल्क असुल उपर गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

| सि.नं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | कोशी प्रदेश आर्थिक ऐन २०८२ को अनुसुची १४ को बुँदा नं २ तथा वातावरण संरक्षण ऐन २०७६ को दफा ३५ को उपदफा (१) को ख बमोजिम प्रारम्भिक वातावरणीय प्रतिवेदनको विपरित हुने गरी गरेकोमा जरिवाना रकम | १०,००,००० |
| २ | कोशी प्रदेश आर्थिक ऐन २०८२ को अनुसुची ६ बमोजिम ३०६४८.०७ (१०८२३२६.३७७७ क्यु.फि.) को प्रति घ.मि. रु २८२.५२ का दरले बिक्रि शुल्क | ८६,५८,६९२.७४ |
| ३ | मूल्य अभिवृद्धि कर रकम | ११,२५,६३०/- |
| **जम्मा** | | १,०७,८४,३२२.७४ |